फेदीखोला गाउँपालिका

# स्थानीय राजपत्र

गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

❒खण्ड ४ ❒संख्या ९ ❒२०७७/०५/२५

फेदीखोला गाउँपालिका स्याङ्जा

गाउँ कार्यपालिकाबाट स्वीकृत : २०७७/०५/१५
प्रमाणिकरण : २०७७/०५/२१

## भाग २

# कृषि तथा पशुसेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६, प्रथम संशोधन २०७७

फेदीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

**पृष्ठभूमिः**

कृषि प्रधान देशका मानिसहरू खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, माछा, मासु, दुध, अण्डा जस्ता कृषि उपजहरूमा पनि परनिर्भर हुनु पर्दा हामी नेपालीहरूलाई नै विश्वले गिज्याईरहेको भान हुन्छ । हामी सँग जमिन, श्रम, पुँजि र प्रविधि हुँदा हुँदै पनि खुर्सानीको ढिडी समेत मित्र राष्ट्रबाट ल्याउनु पर्ने विद्यमान परिस्थितिलाई न्यूनिकरण गर्नको निमित्त हाम्रै भूमिमा हाम्रै मेहनत, आफ्नै पुँजी र प्रविधिको सदुपयोग गरी कृषि तथा पशुजन्य उपभोग्य वस्तुहरूमा आत्म निर्भर बनाउन सक्छौं भन्ने मूल्य र मान्यता राख्दै आएका छौं । यस्ता कार्यक्रमहरूलाई संचालन एवं व्यवस्थापन गर्नको लागि कृषि तथा पशुसेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ तयार गरिएको छ । यो कार्यविधि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ र १२ को उपदफा र "ण" मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न दफा १०२ को उपदफा २ को अधिकार समेत प्रयोग गरी निर्माण गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम **'कृषि तथा पशुसेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६, प्रथम संशोधन २०७७'** रहेको छ ।

१.२ यो कार्यविधि गाँउ कार्यपालिकाको बैठकबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. **"युवालक्षित/महिला लक्षित कार्यक्रम"** भन्नाले युवा/महिलालाई कृषि तथा पशुपालनको क्षेत्रमा आकर्षित पार्न गरिने तालिम, प्रविधि, बीउ बिजन, पशुपंक्षिमा अनुदान तथा व्यवसायिक एवम् बजार प्रवर्द्धन कार्यक्रमलाई बुझाउने छ ।

ख. **"युवा"** भन्नाले १८ बर्ष पूरा भई ४० वर्ष ननाघेका फेदीखोला गाँउपालिकाको क्षेत्र भित्र बस्ने महिला/पुरुषलाई बुझिने छ । (विगतदेखि व्यवसायिक रुपमा कृयासिल व्यवसायियी/उद्यमीहरूलाई कार्यक्रम संचालन गर्न उमेरको हद लाग्ने छैन ।)

ग. **"समिति"** भन्नाले गाउँपालिकामा गठित कृषि/पशुपालन तथा पर्यटन सम्बन्धी कार्यक्रम संचालन एवम् व्यवस्थापन गर्न गठित समितिलाई बुझिने छ ।

घ. **"परियोजना"** भन्नाले कृषि, पशुपालन तथा पर्यटन व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि तयार पारिएको प्रस्तावलाई बुझिने छ ।

ङ. **"कार्यपालिका"** भन्नाले फेदीखोला गाउँ कार्यपालिका सम्झनुपर्छ ।

च. **"कृषक"** भन्नाले फेदीखोला गाँउपालिकाको क्षेत्र भित्रका कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायीक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायि, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनुपर्छ ।

छ. **"कृषि"** भन्नाले कृषि तथा पशुपालन व्यवसायका सम्पूर्ण विषयसँग सम्बन्धित कृषिलाई सम्झनु पर्दछ र सो शब्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

ज. **"कृषि फार्म"** भन्नाले व्यवसायिक प्रयोजनको लागि घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएका कृषि तथा पशुपालन फार्म सम्झनु पर्छ ।

झ. **"कृषि बजार"** भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ ।

ञ. **"कृषि वस्तु"** भन्नाले कृषकले कुनै बोटबिरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

ट. **"कृषि व्यवसाय"** भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ ।

१. व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा वस्तुको उत्पादन ।
२. कृषिजन्य वस्तुको प्रशोधन ।
३. कृषि उपजको व्यापार ।
४. कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण ।
५. कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण ।
६. कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

ठ. **"गाँउपालिका"** भन्नाले फेदीखोला गाँउपालिका सम्झनु पर्छ ।

ड. **"अध्यक्ष"** भन्नाले फेदीखोला.गाँउपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ढ. **"वडा"** भन्नाले फेदीखोला गाँउपालिकाको तोकिएको वडा सम्झनुपर्छ ।

ण. **"समूह"** भन्नाले कृषि तथा पशु विकासको लागि गाँउपालिकामा दर्ता ( सुचीकृत) भएका कृषक समूहहरूलाई सम्झनु पर्दछ ।

त. **"कृषि शाखा"** भन्नाले फेदीखाला गाँउ कार्यपालिका अन्तरगत कृषि शाखालाई सम्झनु पर्दछ ।

थ. **"उत्पादक"** भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

द. **"फार्म"** भन्नाले निजी कृषि तथा पशु फार्मलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## कार्यविधिको उद्देश्य

क. कृषि तथा पशुपालनका क्षेत्रमा गर्न सकिने कार्यक्रमहरू तरकारी खेती, फलफूल खेती, अन्य खतीहरू, माछ्यापालन, मौरीपालन, पशुपालन, कुखुरापालन, हाँस पालन, कृषि तथा पशुपालनको लागि आवश्यक यन्त्र, औजार उपकरण तथा बीउ विजन, बोका, साँढे, राँगाको विर्य आदि वितरण लगायतका कार्यहरू एवम् कृषि बजार प्रबर्द्धन जस्ता कार्यहरू सञ्चालन एवम् व्यवस्थापनको लागि आवश्यक प्रविधि वा वस्तुमा अनुदान प्रदान गरी कृषकलाई प्रोत्साहित गर्ने ।

ख. फेदीखोला गाँउपालिकाको गाँउ सभाबाट पारित नीति तथा कार्यक्रम अनुसारका कार्यक्रम सञ्चालन गरी गाउँपालिका भित्रका युवाहरूलाई रोजगारीका अवसर सृजना गर्ने ।

ग. युवाहरूलाई श्रम प्रति आकर्षित गरी कृषि क्षेत्रमा कार्यरत किसानहरूको पारिवारिक जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

घ. कृषिजन्य र पशुजन्य वस्तुमा राष्ट्रिय रुपमा आत्मनिर्भर बनाउन टेवा पुऱ्याउने ।

## परिच्छेद ३
## फेदीखोला गा.पा. क्षेत्रका संभावित कृषि तथा पशु विकास कार्यक्रमरुको सञ्चालनः

फेदीखोला गाउँपालिका क्षेत्र भित्र व्यवसायिक कृषि तथा पशु विकास कार्यक्रमको लागि सम्भावित क्षेत्र पहिचान गरी सम्भावनाको आधारमा प्राथमिकता निर्धारण गरी कार्यक्रम सञ्चालन गरिने छ ।

### २. अनुदानको लागि कृषकले अपनाउने प्रकृया :

- कार्यक्रमको प्रस्तावना पत्र
- कृषकको आवेदन
- वडा कार्यालयको सिफारिस

### २.१. योजना मुल्याङ्कन तथा छनौटको लागि अपनाउने प्रकृयाः

- प्राप्त परियोजना प्रस्ताव अध्ययन कार्यदल (अनुसूची ३) ले अध्ययन गरी मुल्याङ्कन समिति (अनुसूची ४) लाई सिफारिस गर्नेछ ।
- कार्यदलको सिफारिसमा मुल्याङ्कन समितिको निर्णयबाट योजना छनौट भई कार्यान्वयन हुनेछ ।

**कृषि, पशुपालन तथा पर्यटनका क्षेत्रमा गर्न सकिने व्यवसायिक कार्यहरू :**

कृषि तथा पशुपालनका क्षेत्रमा गर्न सकिने व्यवसायीक कार्यहरू देहाय अनुसार अनुसूचीहरूमा उल्लेख गरिएको छ ।

अनुसूची १: पशुपालन तथा सेवाको क्षेत्रमा गरिने कार्यहरू
अनुसूची २: कृषि विकास कार्यक्रम अन्तर्गत गरिने कार्यहरू
अनुसूची ३: परियोजना छनौटको लागि स्थलगत निरिक्षण गर्न गठन हुने कार्यदल
अनुसूची ४: परियोजना मुल्याङ्कन समिति
अनुसूची ५: समूह दर्ता आवेदन फारम
अनुसूची ६: समूह विवरण
अनुसूची ७: समूह दर्ता प्रमाणपत्र
अनुसूची ८: समूहहरूको दर्ता फाराम
अनुसूची ९: समूह सदस्यहरूको विवरण

## अनुसूची १

पशुपालनको क्षेत्रमा गरिने कार्यहरू:

| सि. नं. | कार्य विवरण | कार्यविधि | खर्च गर्न सकिने/अनुदान रकम रु. |
|---|---|---|---|
| १.१ | **व्यावसायिक फार्म प्रबर्द्धन (पशुपंक्षी पालन) कार्यक्रम** | • साना गाईभैंसी पालन व्यवसायी भन्नले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>• व्यवसायिक रुपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा ३ देखि छ गाटा माउ गाई वा भैंसी पालेको हुनु पर्नेछ ।<br>• जसमध्ये गाईपालनमा दैनिक दूध उत्पादन ३० देखि ५० लिटर र भैंसीको हकमा दैनिक १५ देखि ३० लिटर दुध उत्पादन गरी बिकी बितरण गरेको हुनु पर्नेछ । | ५०,०००। सम्म |
| | | • मझौला गाईभैसी पालन व्यवसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>• व्यवसायिक रुपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा ६ देखि १५ गाटा माउ गाई वा भैंसी पालेको हुनु पर्नेछ ।<br>• जस मध्य गाई पालनमा दैनिक दुध उत्पादन ५० देखि १५० लिटर र भैंसीको हकमा दैनिक ५० लिटर देखि माथि दूध उत्पादन गरी बिकी वितरण गरेको हुनु पर्नेछ । | ७५ हजार देखि १ लाख सम्म |
| | | • ठुला गाईभैंसी पालन व्यवसायि भन्नले निम्न अनुसारका फार्मलाई बुझिनेछ । | १ लाख देखि २ लाख सम्म |

| | | | |
|---|---|---|---|
| | | • व्यवसायिक रुपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा १५ देखि माथी माउ गाई वा भैंसी पालेको हुनु पर्नेछ ।<br>• जस मध्य गाई पालनमा दैनिक दुध उत्पादन १५० लिटर देखि माथि र भैंसीको हकमा दैनिक ७५ लिटर देखि माथि दूध उत्पादन गरी बिकी बितरण गरेको हुनु पर्नेछ । | |
| १.२ | **व्यवसायिक भेडाबाखा पालन कार्यकम** | • साना भेडाबाखा पालन व्यवसायि भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>• व्यवसायिक रुपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा १० देखि २० गोटा माउ भेडाबाखा सहित पाठापाठी पालेको हुनु पर्नेछ । | प्रति संख्या रु १००० हजार सम्म |
| | | • मझौला भेडाबाखा पालन व्यवसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>• व्यवसायिक रुपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा ५० देखि १०० गाटा माउ भेडाबाखा सहित पाठापाठी पालेको हुनु पर्नेछ । | बढिमा रु. १५०००० ( एकलाख पचास हजार) सम्म |
| | | • ठुला भेडाबाखा पालन व्यवसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>• व्यवसायिक रुपमा पालन गर्दै आएका कृषकहरू जसले कम्तीमा १०० देखि माथि संख्याका माउ भेडाबाखा सहित पाठापाठी पालेको हुनु पर्नेछ । | बढिमा रु. २,००००० ( दुईलाख) सम्म |

| | | | |
|---|---|---|---|
| १.३ | **व्यवसायिक बंगुर पालन कार्यक्रम ( माउ बंगुर)** | • साना बंगुर पालन व्यवसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>• व्यवसायिक रुपमा पालन गर्दै आएका कृषकहरू जसले पाठापाठी उत्पादनको हकमा कम्तीमा ५ गोटा माउ बंगुर सहितका पाठापाठी पालेको हुनु पर्नेछ साथै मासुको लागि पालनको हकमा १० वटा भन्दा माथि । | ५०,०००। सम्म |
| | | • मझौला बंगुर पालन व्यवसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>• व्यवसायिक रुपमा पालन गर्दै आएका कृषकहरू जसले पाठापाठी उत्पादनको हकमा कम्तीमा १० गोटा माउ बंगुर सहितका पाठापाठी पालेको साथै मासुको लागि पालनको हकमा २० वटा भन्दा माथि हुनु पर्नेछ । | ७५ हजार देखि १ लाख सम्म |
| | | • ठुला बंगुर पालन व्यवसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>• व्यवसायिक रुपमा पालन गर्दै आएका कृषकहरू जसले पाठापाठी उत्पादनको हकमा कम्तीमा १५ देखि माथि माउ बंगुर सहितका पाठापाठी पालेको साथै मासुको लागि पालनको हकमा घण वद्दा भन्दा माथि हुनु पर्नेछ । | १ लाख देखि २ लाख सम्म |
| १.४ | **व्यवसायिक कुखुरा** | • लेर्यस कुखुरा पालन व्यवसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ । | |

| | | | |
|---|---|---|---|
| | पालन कार्यक्रम | क. साना व्यवसायी १०० देखि माथि ५०० गोटा लेर्यस कुखुरा पालनेको हुनुपर्नेछ ।<br>ख. मझौला व्यवसायी ५०० देखि माथि १००० गोटा लेर्यस कुखुरा पालनेको हुनुपर्नेछ ।<br>ग. ठुला व्यवसायी १००० गोटा देखि माथि लेर्यस कुखुरा पालनेको हुनुपर्नेछ । | साना, मझ्यौला र ठुला व्यवसायीलाई क्रमश: ५० हजार, ७५ हजार देखि १ लाख सम्म र १ लाख देखि २ लाख सम्म अनुदान दिन सकिने छ । |
| | | • ब्रोईलर कुखुरा पालन व्यवसायी भन्नाले निम्न अनुसारका फार्मलाई बुझिनेछ ।<br>क. साना व्यवसायी १००० गोटा देखि माथि ब्रोईलर कुखुरा पालेको हुनुपर्नेछ ।<br>ख. मझौला व्यवसायी २००० देखि माथि ५००० गोटा ब्रोईलर कुखुरा पालनेको हुनुपर्नेछ ।<br>ग. ठुला व्यवसायी ५००० गोटा देखि माथि ब्रोइलर कुखुरा पालनेको हुनुपर्नेछ । | |
| १.५ | पाडापाडी संरक्षण कार्यक्रम | • पाडापाडी संरक्षण साना व्यवसायी व्यवसायिक रुपमा पालन गर्दै आएका समूह, समिती वा कृषकहरू जसले कम्तीमा ५ देखि १० गोटा पाडापाडी पालेको हुनु पर्नेछ । | ५०,०००। सम्म |
| | | • मझौला व्यवसायी भन्नाले निम्न १० देखि २० गोटा सम्म पाडापाडी पाल्ने कृषक वा फार्मलाई बुझिनेछ । | ५० हजार देखि १ लाख सम्म |
| | | • ठुला व्यवसायी भन्नाले व्यवसायिक रुपमा पालन गर्दै आएका समूह तथा कृषकहरू जसले कम्तीमा २० देखि | १ लाख देखि २ लाख सम्म |

| | | | |
|---|---|---|---|
| | | माथि संख्याका पाडापाडी पालेको हुनु पर्नेछ । | |
| १.६ | **पकेट प्याकेज कार्यक्रम** | • गाई, भैसी, भेडा, बाखा, बंगुर, कुखुरा आदि जुन सुकै पनि हुन सक्नेछन् । | |
| | | **औषधी कोष स्थापना:** समूहमा कार्यक्रम लागू भई सके पछि समूह भित्रका सम्पूर्ण पशुपंक्षीहरूलाई औषधी तथा खोपको व्यवस्था गर्न सकिनेछ । | सत प्रतिशत अनुदान |
| | | अनुदानमा प्रजनन् योग्य भाले/पोथी वितरण कार्यक्रम सञ्चालन भएमा लक्षित समूहका सदस्य वा समूहलाई नै नश्ल सुधार का लागि प्रजनन योग्य जातीय अनुसार भाले पोथी अनुदान । | |
| | | **आहार व्यवस्थापन:** उत्पादन वृद्धिका लागि आवश्यकता अनुसार हिउदे, वर्षे, बहुवर्षे, डाले तथा भुई घाँसहरू वितरण । | सत प्रतिशत अनुदान |
| | | अनुदानमा गोठ/ खोर निर्माण । | अध्ययन कार्यदलको प्रतिवेदन अनुसार ५० प्रतिशतसम्म अनुदान |
| १.७ | **पशु आहार विकास कार्यक्रम** | पशु आहार विकास भन्नाले पशुपंक्षीले खाने वा खुवाउने वर्षे, बहुवर्षे, हिउँदे डाले तथा भुई घाँसहरू वा तयारी दाना वितरण । | |
| १.८ | **पशु प्रजनन् कार्यक्रम** | सबैखाले उत्पादन बृद्धिकालागी कृत्रिम वा प्राकृतिक तवरले दुई फरक पशुवस्तुका बिच प्रजनन् गराई उत्पादन बृद्धि तथा नश्ल सुधार गर्ने कार्यलाई बुझ्नु पर्दछ । | |

| | | | |
|---|---|---|---|
| | | **पशु नश्ल सुधार कार्यक्रमः**<br>क. कृत्रिम गर्भाधान<br>ख. सिमेन खरिद<br>ग. तरल नाईट्रोजन खरिद | सत प्रतिशत अनुदान |
| | | **प्राकृतिक गर्भाधानः**<br>● यस गाउँपालिका क्षेत्र भित्र कृत्रिम गर्भाधान सेवा पुर्याउन नसकिने स्थानहरूमा उत्पादन बृद्धिका लागि उन्नत नश्लका राँगो, साढैं, बोका, थुमा, बंगुर, कुखुरा, आदिका भाले जातिहरूमा अनुदान ।<br>● पशुपंक्षी नश्ल सुधारलाई ध्यानमा राखी उत्पादनलाई बृद्धि गर्न उन्नत नश्लका कुखुरा, भेडाबाखा, गाईभैंसी, बंगुर खरिद गरी वितरण । | ५० प्रतिशत अनुदान |
| १.९ | **पशुपंक्षी बजार प्रर्बद्धन कार्यक्रम** | ● पशुपंक्षी बजार प्रर्बद्धन कार्यक्रम भन्नाले पशुपंक्षी तथा पशुपंक्षी जन्य पदार्थहरूको खरिद बिक्री कार्यलाई बुझ्नु पर्दछ । | |
| | | ● विभिन्न किसिमका मासु पसल । | २५ हजार देखि १ लाख सम्म नगद वा वस्तु अनुदान |
| | | ● विभिन्न किसिमका दूध तथा दूग्ध जन्य पदार्थहरूको पसल । | २५ हजार देखि १ लाख सम्म नगद वा वस्तु अनुदान |
| | | ● पशुपंक्षीहरूको खरिद बिक्री पसल । | २५ हजार देखि १ लाख सम्म नगद वा वस्तु अनुदान |

| | | | |
|---|---|---|---|
| १.१० | **पशु स्वास्थ्य तथा पशुविकास कार्यक्रम** | • उपचार सेवा<br>• रोग नियन्त्रण सेवा<br>• रोग निदान सेवा<br>• पशु स्वास्थ्य शिविर सञ्चालन<br>• पशुपंक्षीसँग सम्बन्धित पसल तथा फार्महरूको अभिलेख तथा अनुगमन । | शत प्रतिशत अनुदान |
| | | • सुत्केरी स्याहार सेवा । | उन्नत बीज प्रयोग भएर जन्मेका पाडापाडी स्याहारको लागि प्रति सुत्केरी रु. २०००। |
| | | • भकारो सुधार सेवा | रु ५००० देखि १५००० सम्म |

## अनुसूची २

कृषि विकास कार्यक्रम अन्तर्गत गरिने कार्यहरू

| सि.नं. | कार्य विवरण | कार्यविधि | खर्चगर्न सकिने/अनुदान रकम रु. |
|---|---|---|---|
| २.१ | **तरकारी विकास कार्यक्रमः** | | |
| २.१.१ | **करेसाबारी तरकारी विकास कार्यक्रमः** | सिल्पोलिन प्लाष्टिक १ थान,आवश्याक तरकारी बीउ र १ थान प्लाष्टिक स्प्रेयर ( सानो) | ५० प्रतिशत अनुदान |
| २.१.२ | **व्यवसायोन्मुख तरकारी उत्पादन कार्यक्रम** | सिल्पोलिन प्लाष्टिक ४ थान सम्म, दुई रोपनी जग्गाको लागि आवश्यक तरकारी बीउ, १ थान प्लाष्टिक स्प्रेयर र सिँचाईको लागि आवश्यक प्लाष्टिक पोखरीमा, विभिन्न मौसमी, बेमौसमी तरकारी को बीउ वितरण । | ७० प्रतिशत अनुदान |
| २.१.३ | **व्यवसायिक तरकारी उत्पादन कार्यक्रम** | सिल्पोलिन प्लाष्टिक १०, पाँच रोपनी जग्गाको लागि आवश्यक तरकारी बीउ, १ थान प्लाष्टिक स्प्रेयर, सिँचाईको लागि आवश्यक प्लाष्टिक पोखरी तथा पाईप । | ७५ प्रतिशत अनुदान |
| | | वर्षपम्प, पापा पम्प, सोलार पम्प तथा विद्युतीय पम्प जडानमा दिन सकिने । | ८० प्रतिशत सम्म अनुदान |
| | | आवश्यक कृषि यन्त्र (हाते ट्याक्टर आदि) मा । | ५० प्रतिशत अनुदान |
| २.२ | **फलफूल, कफि तथा अलैंची विकास कार्यक्रमः** | फेदीखोला गाँउपालिकाको अधिकांश क्षेत्र सुन्तलाजात फलफूल खेतीको लागि उपयुक्त जलवायु युक्त छ साथै विभिन्न भौगालिकताको आधारमा हिउँदे र वर्षे | |

| | | | |
|---|---|---|---|
| | | फलफूल समेतको उत्तिकै सम्भावना छ । यसैले यहाँ सुन्तलाजात फलफूल, कफि र अलैंचीलाई प्राथमिकतामा राखी अन्य फलफूल समेतको खेती गर्न देहाय अनुसार सेवा तथा सुविधाहरू उपलब्ध गराउन सकिने छ । | |
| | | **व्यवसायिक बगैंचा स्थापना गर्ने कृषकलाई:** सुन्तलाजात, कफि, अलैचीलाई बिरुवाको मूल्यमा, आवश्यक औजार उपकरण ( सिकेचर, करौंति, हाते ट्याक्टर, ब्रसकटर, फल टिप्ने कैंची आदि) सुन्तला जात फलफूल बगैंचा सुदृढिकरण गर्न आवश्यक विषादि तथा सुक्ष्म तत्वहरूमा दिन सकिने छ । | कागती बिरुवामा ७५ प्रतिशत अनुदान र अन्य फलफुल बिरुवामा ५० प्रतिशत अनुदान । |
| | | “वर्षे फलफुल आँप, लिचि का बिरुवा ” | ढुवानी अनुदान |
| | | सिंचाईको लागि (थोपा, स्प्रीङकल लगायत पाईपबाट सिंचाईमा ७५ प्रतिशत तथा लिफ्ट, कुलो, ईन्टेक निर्माणमा । | ८० प्रतिशत सम्म अनुदान |
| २.२.१ | **नयाँ नर्सरी स्थापना** | फलफूल नर्सरी खेती गर्न इच्छुक कृषकहरूलाई नर्सरी स्थापना गर्नुभन्दा अगाडि निम्न अनुसारको शर्त गराउनु पर्दछ ।<br>• नर्सरी स्थापना गरेको २ वर्ष देखि वार्षिक बिरुवा उत्पादन क्षमता ५००० भन्दा कम हुन नहुने ।<br>• नर्सरी स्थापना गरेपछि कम्तिमा पनि ५ वर्षसम्म सञ्चालन गर्नुपर्ने ।<br>• फलफूल बिरुवा उत्पादन गर्दा “बिजु बिरुवाको हकमा तोकिएको मापदण्ड अनुसार र कलमी बिरुवाको हकमा तोकिएको | भौतिक संरचना निर्माणमा लाग्ने लागत अनुमानमा लाग्ने खर्चमा ८५ प्रतिशत र उत्पादन सामाग्री तथा कृषि औजार उपकरणमा ५० प्रतिशत अनुदान दिन सकिनेछ । |

| | | | |
|---|---|---|---|
| | | जातको रुट स्टक र सायनमात्र प्रयोग गर्नुपर्ने । उक्त शर्तहरू सहित सम्झौता गरेर मात्र इच्छुक कृषकहरूलाई देहाय अनुसारका सेवा तथा सुविधाहरू उपलब्ध गराउन सकिनेछ । | |
| | | आवश्यक कृषि यन्त्र, औजार उपकरण, मल्चीङ प्लाष्टिक, किराछेक्ने जाली, असिना छेक्ने जाली तथा सिल्पोलिन प्लाष्टिकमा, गार्डेन पाईप, नर्सरी स्कीन हाउस,रुट स्टक बिरुवाको बीउ, फलफूल बगैचा सुदृढिकरण गर्न आवश्यक विषादि, निलोतुथो, चुना तथा शुक्ष्म तत्वहरूमा | ७५ प्रतिशत अनुदान । |
| | | पानी संकलन ट्याङकी तथा आवश्यक पूर्वाधार निर्माण तथा खरिदमा | ८५ प्रतिशत अनुदान |
| २.३ | **कृषि तथा पशुपंक्षी बजार विकास कार्यक्रमः** | क. बजारीकरणको लागि आवश्यक सामाग्रीहरू (क्रेट, डिजिटल तराजु, ग्रेडर आदि) बजार सञ्चारको लागि सञ्चार पूर्वाधार जडान तथा सामाग्रीहरू खरिदमा ।<br>ख. बजार तथा बजारीकरण तालिम, भ्रमण तथा गोष्ठीहरूमा स्वीकृत कार्यक्रम वा स्वीकृत प्रस्तावना अनुसार खर्च गर्न सकिने । | ५० प्रतिशत |
| | | ग. आवश्यक स्थानमा उपभोक्ताको २० प्रतिशत ।<br>घ. लगानीमा संकलन केन्द्र भवन तथा हाटबजारको लागि भौतिक संरचनाहरू निर्माण । | ८० प्रतिशत अनुदान |
| २.४ | **तालिम कार्यक्रम** | | |

| | | | |
|---|---|---|---|
| २.४.१ | **गाउँपालिका स्तरीय तालिमहरू** | क. अवधि ३ दिन<br>ख. सहभागी २०-३० जना<br>ग. शैक्षिक सामग्री रु. १००।- व्यक्ति/तालिम<br>घ. चियापान रु. १५०।- व्यक्ति/दिन<br>ङ. प्रशिक्षक भत्ता रु.१०००।- प्रति कक्षा कार्यपत्र रु. १०००।- प्रति कक्षा<br>च. प्रश्नपत्र तयार रु. ५००।- (पूर्णाङ्क १०० भएको)<br>छ. उत्तर पुस्तिका परीक्षण रु. २५।- प्रति उत्तर पुस्तिका<br>ज. व्यवस्थापन खर्च (फोटोकपी, प्रमाण-पत्र छपाई, व्यानर, उद्घाटन, समापन र अन्यका लागि) बढीमा रु.१०,०००।-<br>झ. तालिममा सहभागी हुने सहभागीहरूका दैनिक भत्ता रु.५००। प्रतिदिन र यातायात खर्च । | तालिममा तोकिएको शिर्षकमा भएको पुरै खर्च गा.पा.बाट गरिनेछ । |
| २.४.२ | **विषादि, विउविजन तथा मलखाद खुद्रा विक्रेता तालिम** | क. अवधि ६ दिन<br>ख. सहभागी २०-३० जना<br>ग. शैक्षिक सामग्री रु. १००।- व्यक्ति/तालिम<br>घ. चियापान रु. १५०।- व्यक्ति/दिन<br>ङ. प्रशिक्षक भत्ता रु.१०००।- प्रति कक्षा कार्यपत्र रु. १०००।- प्रति कक्षा (बाहिरबाट आउने प्रशिक्षकलाई नियमानुसार दै.भ्र.भ. पनि दिन सकिने)<br>च. प्रश्नपत्र तयार रु. ५००।- (पूर्णाङ्क १०० भएको)<br>छ. उत्तरपुस्तिका परीक्षण रु. २५।- प्रति उत्तर पुस्तिका | |

| | | | |
|---|---|---|---|
| | | ज. व्यवस्थापन खर्च (फोटोकपी, प्रमाण-पत्र छपाई, व्यानर, उद्घाटन, समापन र अन्यका लागि) बढीमा रु.१०,०००।<br>झ. तालिममा सहभागी हुने सहभागीहरूको दैनिक भत्ता र यातायात खर्च नदिने | |
| २.४.३ | **वडा स्तरीय घुम्ती स्थलगत कृषक तालिम** | लागि तपसिल अनुसार रकम खर्च गर्न सकिनेछ ।<br>क. अवधि २ दिन<br>ख. सहभागी २०-३० जना<br>ग. शैक्षिक सामग्री रु. १००।- व्यक्ति/तालिम<br>घ. प्रशिक्षक भत्ता रु.५००।- प्रति कक्षा कार्यपत्र रु. ५००।- प्रति कक्षा (बाहिरबाट आउने प्रशिक्षक वा नगरपालिकाबाट जानुपर्दा बास बस्नु पर्ने स्थान भएमा नियमानुसार दै.भ्र.भ. पनि दिन सकिने<br>ङ. चियापान रु. १५०।- व्यक्ति/दिन<br>च. व्यवस्थापन खर्च (फोटोकपी, स्टेसनरी र अन्यका लागि) कुल रु. २,०००।- सम्म<br>छ. तालिममा सहभागी हुने सहभागीहरूका दैनिक भत्ता रु.३००। प्रतिदिन | |
| २.५ | **गोष्ठी कार्यक्रम** | | |
| २.५.१ | **गाउँपालिका स्तरीय विभिन्न विषयका गोष्ठीहरू** | क. अवधि १ वा २ दिन<br>ख. कार्यपत्र तयारी तथा प्रस्तुतिः १५००। प्रति कार्यपत्र<br>ग. खाजा तथा चियापानः रु. १५० प्रति व्यक्ति | |

| | | | |
|---|---|---|---|
| | | घ. स्टेशनरी रु. १००।- प्रति व्यक्ति<br>ङ. सहभागीहरूलाई भत्ता: रु.५००।<br>च. व्यवस्थापन खर्च: रु. ५०००। | |
| २.५.२ | **वडा स्तरीय कृषक गोष्ठी** | क. अवधि १ दिन<br>ख. सहभागी २०-२५ जना<br>ग. कार्यपत्र तयारी र प्रस्तुति: १०००। प्रति कार्यपत्र<br>घ. चियापान रु. १५०।-/ब्यक्ति<br>ङ. शैक्षिक सामग्री रु. १००।- प्रति व्यक्ति<br>च. व्यवस्थाापन खर्च: रु.१०००।<br>सहभागीलाई भत्ता: रु.३००। | |
| २.६ | **भ्रमण कार्यक्रम** | | |
| २.६.१ | **अन्तर जिल्ला कृषक भ्रमण** | क. अवधि: ३ देखि ५ दिन<br>ख. स्टेसनरी: रु.१००। प्रति व्यक्ति<br>ग. गाडीभाडा: आवश्यकता अनुसार बढिमा १ लाख सम्म<br>घ. सहभागीलाई प्रतिदिन नेपाल सरकारको नियम<br>ङ. अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउने<br>च. अन्य व्यवस्थापन खर्च: रु.१०,०००।<br>छ. सहभागी कृषक जवान ३०-३५ | |
| २.६.२ | **गा.पा. स्तरीय अन्तर वडा कृषक भ्रमण/कृषक समूह भ्रमण (कृषकको खेत/फार्म/केन्द्र अवलोकन)** | अवधि: १ दिन, सहभागी २०-२५ जना<br>क. चियापान: रु.१५० प्रति सहभागी<br>ख. स्टेसनरी: रु.१००। प्रति व्यक्ति<br>ग. यातायातको लागि बस वा जिप रिजर्व: कुल खर्च रु.२५००० सम्म<br>घ. सहभागिको दैनिक भत्ता रु.५००। प्रति व्यक्ति | |

| | | | |
|---|---|---|---|
| २.७ | **दिवस कार्यक्रम** | ६.१ विश्व खाद्य दिवस, विश्व वातावरण दिवश मनाउँदा गर्न सकिने खर्चको विवरण:<br>६.१.१ निवन्ध प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई नगद तथा शैक्षिक सामग्री पुरस्कार प्रदान गर्न : प्रथम : रु. २,०००।- द्वितीय : रु. १,५००।-तृतीय : रु. १,०००।- सान्त्वना : रु. ५००।- निबन्ध प्रतियोगिता छनौट समितिका चार सदस्य प्रत्येकलाई रु. १०००।- का दरले दिइने पारिश्रमिक : रु. ४,०००।- समारोह आयोजना खर्च : रु.११,०००।-गरी जम्मा रु. २०,०००। | रु. २०,०००। |
| २.८ | **कृषि मेला प्रदर्शनी ( गा.पा स्तरीय)** | ७.१ पुरस्कृत गर्न सकिने आइटमहरू खाद्यान्न बाली, दलहन तथा नगदे बाली, फलफूल, तरकारी, आलु, माछा, पशु पक्षि तथा विविध गरी अधिकतम जम्मा १५ कृषि तथा पशुजन्य आइटम सम्ममा प्रति आइटम रु.४०००।- को दरले रु. ६०,०००- पुरस्कार रकम प्रति आइटम- प्रथम रु. १४००।- द्वितीय रु. ११००।- तृतीय रु. ९००।- सान्त्वना रु. ६००।- स्टल निर्माण रु. १०,०००।- ब्यानर तथा प्रसार रु.२,०००।- चियापान (एकमुष्ट) रु. ३०००।- कुल जम्मा रु. ७५०००।- | |
| २.९ | **खाद्यान्न उत्पादन तथा अन्न बाली बीउ विजन आत्म निर्भर कार्यक्रम** | | |
| २.९.१ | **बीउ उत्पादन कार्यक्रम** | क. बिउ उत्पादनको लागी श्रोत बिउ/मुल बिउ, बिउ भण्डारण सामाग्रीहरू, चिस्यान मापन यन्त्र, | ५० प्रतिशत अनुदान |

| | | | |
|---|---|---|---|
| | | डिजिटल कांटा लगायतका आवश्यक उपकरण तथा कृषि यन्त्रहरूमा | |
| | | ख. बिउबाली खेत निरिक्षण तथा आवश्यक तालिमहरू<br>ग. बिउको नमुना परिक्षण गर्ने गराउने कार्य<br>घ. प्रस्तावनाको आधारमा बिउको भण्डार घर निर्माणमा सहयोग<br>ङ. बिउको बजारीकरणमा सहयोग (प्रसार सामग्री तथा ट्यागहरू)<br>च. खाद्यान्न बालीको उन्नत बीउमा ढुवानी | शत प्रतिशत |
| २.९.२ | च्याउ, मौरी, रेशम, आलु, माछापालन, पुष्प विकास, हांसपालन, कृषि यन्त्र उपकरण तथा अन्य विविध ढुवानी अनुदान कृषि कार्यक्रम | च्याउ बिउमा ढुवानी तथा मूल्यमा | ५० प्रतिशत अनुदान |
| | | "मौरीका घार, गोलासहितका घार तथा मौरी सम्बन्धि" विभिन्न उपकरणमा | ५० प्रतिशत अनुदान |
| | | आलुबीउमा, खाद्यान्न, दलहन, तेलहन, अदुवा, बेसार, आदिको बीउ तथा बिरुवामा | ढुवानी अनुदान साथै बेमौसमी असारे आलु बीउमा ७५ प्रतिशत र अन्य आलु मूल्यमा २५ प्रतिशत अनुदान |
| | | कृषि यन्त्रहरू (साना पावर टिलर तथा हाते ट्याक्टर, थ्रेसरहरू, प्लान्टर, हार्भेष्टर, गार्डेन हो (Garden hoe, कल्टीभेटर, ग्रेडर आदि ) मा | ५० प्रतिशत अनुदान |

| | | | |
|---|---|---|---|
| | | नयाँ पोखरी निर्माणको लागि प्रस्तावनामा आधारित कार्यक्रम | ५० प्रतिशत अनुदान |
| | | निर्माण भईसकेका पोखरीहरूमा माछा भुरा | ढुवानी अनुदान |

| | | | |
|---|---|---|---|
| २.१० | **आई.पि.एम.कृषक पाठशाला** | | |
| २.१०.१ | **स्थलगत कृषक समूह अन्तरक्रिया गोष्ठी (३ पटक)** | | |
| २.१०.२ | पहिलो पटकको अन्तक्रिया गोष्ठी गर्न ४० जना कृषक र सहभागीहरूलाई चियापान गराउन रु. १००।- का दरले | ४०००।- | |
| २.१०.३ | दोस्रो पटक अन्तरक्रिया गोष्ठी गर्दा ३० जना कृषक र सहभागीलाई चियापान गराउन रु. १००।- का दरले | ३०००।- | |
| २.१०.४ | तेस्रो पटक अन्तरक्रिया गोष्ठी गर्दा ३० जना कृषक र सहभागीलाई चियापान गराउन रु. १००।- का दरले | ३०००।- | |
| २.१०.५ | शैक्षिक सामग्री खरिद तथा व्यवस्थापन खर्च भिन्दा भिन्दै मितिमा ३ पटकसम्म उल्लेखित विषयमा गोष्ठी सञ्चालन गर्दा चाहिने रजिष्टर कपी, स्केल, डटपेन, सिसाकलम, मार्कर पेन, चार्ट पेपर, ३० जनाको लागि रु. | ३०००।- | |
| २.१०.६ | कृषक आवश्यकता पहिचान गोष्ठी सञ्चालन गर्न भत्ता प्रति व्यक्ति रु. ५००।- का दरले २ जना श्रोत व्यक्तिलाई ३ दिनलाई रु. | ३०००।- | |

| | | | |
|---|---|---|---|
| २.१०.७ | स्थलगत तालिम सञ्चालन २५ जनालाई रु. १००।- का दरले १६ हप्तासम्म चियापान गर्न (रु.१००×२५×१६) रु. | ४००००। | |
| २.१०.८ | तालिम सञ्चालन सामग्री रु. | ८०००।- | |
| २.१०.९ | प्रशिक्षक भत्ता १ जनालाई प्रति हप्ता रु. १०००।-का दरले १६ हप्तासम्मका लागि रु. | १६०००।- | |
| २.१०.१० | सवारीको लागि इन्धन (१६ हप्ताको लागि) रु. | ६०००। | |
| २.१०.११ | कृषक पाठशाला दिवस आमन्त्रित जनप्रतिनिधि, जिल्ला स्तरीय कार्यालय प्रमुख तथा अन्य सहभागी कृषकहरू गरी जम्मा १०० जनालाई रु. १००।- का दरले चियापान वापत रु. | १००००।- | |
| २.१०.१२ | प्रथम, द्वितीय र तृतीय हुने कृषक समूहलाई पुरस्कार रकम प्रथम, द्वितीय, तृतीय क्रमश १०००, ८००, ५०० , सान्त्वना ३०० गरी रु. | २६००। | |
| २.१०.१३ | समापन | ९४००।- | |
| | जम्मा | १,०८,०००। | |
| ३ | **साना सिंचाई विशेष कार्यक्रमः**<br>स-साना अस्थायी बाँध, पैनी, छेकबार, कुलो सुधार, संरक्षण, ह्यूम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प, ट्याङ्की, इनार ढिक्की पम्प, मोनोब्लक पम्पसेट, पवन पम्प, हाइड्रोलिक र्‍याक, साइकल पम्प, पर्सियन व्हिल, गियर पम्प, थोपा सिंचाई, स्प्रिङ्कलर सिँचाई आदिको निर्माण व्यवस्थापन गर्नमा कार्यक्रम माग गर्नको लागि पुर्‍याउनु पर्ने प्रकृयाः | बढिमा रु. १,५०,००० | |

| | | | |
|---|---|---|---|
| | • कृषि विकासको लागि स्थापित कृषक समूहहरू जस्ता उपभोक्ताहरूको सहभागितामा कार्यान्वयन योजना तयार पारी यस कार्यक्रमको लागि प्रस्ताव नगरपालिकामा पेश गर्नुपर्नेछ ।<br>• प्रस्ताव पेश गर्नको लागि कृषि विकास शाखाले प्रत्येक आ.ब.को कार्तिक १५ भित्र प्रस्ताव पेश गर्न सूचना प्रवाह गर्नेछ ।<br>• तोकिएको म्यादमा प्राप्त प्रस्तावहरूलाई कृषि विकास शाखाले कम्पाइल गरी आर्थिक विकास समिति मार्फत योजना अनुगमन कार्यदल (अनुसूची ४) मा पेश गर्नेछ ।<br>• व्यवसायिक पकेट क्षेत्रलाई प्राथमिकतामा राखी आवश्यकता अनुसार आर्थिक विकास समितिले सिफारिस गरी परियोजना मुल्याङ्कन समिति (अनुसूची ४) मा पेश गर्नेछ ।<br>• कार्यदलबाट सिफारिस सहित पेश भएका परियोजनाहरू परियोजना मूल्याङ्कन समिति (अनुसूची ४) को बैठकबाट छनौट गरी कार्यान्वयनको लागि सम्झौता गरि कार्यादेश दिईनेछ । उपभोक्ताले कुल लागतको १५ प्रतिशत | | |

| | | | |
|---|---|---|---|
| | जनश्रमदानको रुपमा बेहोर्नु पर्नेछ । | | |
| ४ | **उत्पादनको आधारमा दिईने अनुदान कार्यक्रमः** व्यवसायिक ताजा तरकारी, सुन्तलाजात फलफुल, कफी, अदुवा र दुध उत्पादन गरी गाउँपालिकाबाट तोकिएको सहकारी मार्फत बिक्री वितरण गरिएको कृषि उपजमा १५[५] प्रतिशत अनुदान दिन सकिने छ । यसको लागि उत्पादक कृषकले गा.पा.बाट तोकएको म्याद भित्र निर्दिष्ठ फाराम भरी सुचिकृत गराई तोकिएको सहकारी मार्फत बिक्री गर्नु पर्नेछ । | | |
| ५. | **बलिबिमा कार्यक्रमः** कृषकहरूलाई व्यवसायमा जोखिम न्युनिकरणको लागि तरकारी बालिबिमाको व्यवस्था गरिनेछ । व्यवसायिक कृषकहरू खासगरी २ रोपनी वा सो भन्दा बढी बाह्रै महिना तरकारी खेती गर्ने कृषकको लागि मात्र बालीबिमामा अनुदान दिनेछ । सम्बन्धित बिमा कम्पनी वा संस्था संग समन्वय गरी बालीको उत्पादन लागत अनुमान गाउँपालिकाबाट गरिनेछ र कृषकले तिर्ने प्रिमियम रकममा ५०% अनुदान दिईनेछ । | | |

**नोटः यसमा उल्लेख नभएका व्यवसायिक कृषि तथा पशुसेवा तर्फको कार्यक्रमहरू प्रस्तावना पत्र लिई सोको मूल्याङ्कनको आधारमा कृषि सहकारी, समूह तथा नीजि फार्महरूलाई कृषि मजदुर बाहेक कुल लागतको ७५ प्रतिशत अनुदान दिन सकिने छ ।**

[५] प्रथम संशोधन २०७७

## अनुसूची ३

परियोजना छनौटको लागि स्थलगत निरिक्षण गरी छनौटको लागि मूल्याङ्कन समितिमा सिफारिस गर्न गठन हुने कार्यदल

१. अध्यक्षः संयोजक आर्थिक विकास समिति
२. सदस्यः सम्बन्धित वडाका वडा अध्यक्ष
३. सदस्यः आर्थिक विकास समितिका महिला सदस्य १ जना
४. सदस्यः पशुसेवा शाखा प्रमुख
५. सदस्य सचिवः शाखा प्रमुख कृषि विकास शाखा

## अनुसूची ४

परियोजना मुल्याङ्कन समिति

१. अध्यक्षः गाउँपालिका अध्यक्ष
२. सदस्यः आर्थिक समितिका संयोजक
३. सदस्यः गाँउकार्यपालिका महिला सदस्य १ जना
४. सदस्यः पशुसेवा शाखा प्रमुख
५ सदस्य सचिवः कृषि विकास शाखा प्रमुख

नोटः योजना छनौट पश्चात सम्पूर्ण योजनाहरूको गा.पा. अध्यक्षबाट हुनेछ ।

## अनुसूची ५
## कृषक समूह दर्ताको लागि निवेदन तथा विवरण फारामको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
फेदीखोला गाँउकार्यपालीकाको कार्यालय
स्याङ्जा ।

विषय: कृषक समूह दर्ता/सूचीकृत गरिपाऊँ ।

श्री फेदीखोला गाँउपालीका वडा नं …….. को कार्यालयको सहयोगमा हामी अफै संगठित भई यस गाँउपालिकाको वडा नं ….. मा गठन भएको हाम्रो समूह दर्ता/सुचिकृत गरी पाउन निम्न विवरण सहित यो निवेदन पेश गरेका छौँ ।

निवेदक

नाम र थर:

अध्यक्ष :

मिति :

## अनुसूची ६

समूहको विवरण

समूहको नाम : ....................................................... स्थापना वर्ष :.......................

| क्र.स. | नाम र थर | पद | शैक्षिक योग्यता | उमेर | जम्मा क्षे |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| | | | | | |
| | | | | | |

फेदीखोला गाउँपालिका : ......... वडा : .......... गाउँ :.....................

समूहको उद्धेश्य :

सदस्य संख्या : पुरुष...... महिला........... जम्मा ...........

नियमित बैठक बस्ने दिन.....................

प्रति महिना समूहको हितकोष संकलन हुन सक्ने रु ......

हाल सम्म हितकोषमा जम्मा रकम रु .......

# अनसूची ७
# कृषक समूह दर्ता प्रमाण-पत्र नमूना

गा.पा.दर्ता नं :

**फेदीखोला गाँउपालिका**
## गाँउ कार्यपालिकाको कार्यालय
**स्याङ्जा, गण्डकी प्रदेश नेपाल**
**२०७३**

**<u>कृषक समूह दर्ता प्रमाण-पत्र</u>**

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्धेश्यले यस जिल्लाको फेदीखाला गाँउपालिका वडा नं ........ मा मिति ................... मा गठित श्री .............................. कृषक समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता/चिकृत गरी यो प्रमाण पत्र दिइएको छ ।

मिति ..................................

.....................

कृषि शाखा प्रमुख प्रमुख
प्रशासकीय अधिकृत

## अनुसूची ८

समूह विवरण फारमको नमूना

**फेदीखोला गाँउपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्याङ्जा, गण्डकी प्रदेश नेपाल**

**२०७३**

| क्र.स. | समूहको नाम, | वडा नं | हालको सदस्य संख्या | | समूह अध्यक्ष को नाम | स्थापना वर्ष | हित कोष रकम रु | समूहको अवस्था सकृय, अर्ध सकृय, निष्कृय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | | | | |
| | | | | | | | | | |

## अनुसूची ९
## कृषक समूहका सदस्यहरूको विवरण भर्ने फाराम

| क्र.स. | नाम | ठेगाना | पद | उमेर | शैक्षिक योग्यता | जग्गा विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खेत | पाखो | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

दलितः महिला : पुरुष : जम्मा :
जनजाति : महिला : पुरुष : जम्मा :
अन्य : महिला : पुरुष : जम्मा :

पेशगर्ने समूह पदाधिकारी को रुजुगर्ने
नाम : नामः
पद : पदः
दस्तखत : दस्तखत :

समूह तथा सदस्यहरूको विवरण

१ .समूह नं:

२ .समूहको नाम :

३. ठेगाना : फेदीखोला गाँउपालिका वडा नं..... टोल.......

४. गठन मिति .............. पुनर्गठन मिति ............

५. समूहको किसिम :

६. सदस्य संख्या : महिला ......पुरुष.....जम्म......

७. नियमित बैठक : प्रतेक महिनाको .......गते

८. समूहको उद्धेश्य

...............................................................................................................

...........................................

९. हालसम्मको हितकोष रकम रु .....

खाता खोलेको भए बैंकको नाम र खाता नं :

ठेगाना :

बैंकमा जम्मा रकम :

१०. हाल सम्म समूहले संकलन गरेको भए भैरहेको उल्लेखनीय कृषि तथा कार्यक्रमहरू :

१. २ ३. ४.

आज्ञाले
नन्दलाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत